# स्थानीय राजपत्र

बकैया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड - ८ सङ्ख्या - २ मितिः २०८१/१०/३०

भाग - २

बकैया गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) बमोजिम बकैया गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## निजी जग्गाको ढुंगा ,माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१

**पृष्ठभूमि** :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ञ) अनुसार सम्बन्धित गाउँपालिकालाई सम्बन्धित क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राख्नका साथै वातावरणीय जोखिम न्यूनीकरण गर्ने गराउने दायित्व तोकेकोले सो गर्ने गराउने सन्दर्भमा भू-सतह तथा भूगर्भको उत्खनन् लाई व्यवस्थित गरी प्राकृतिक सम्पदाको समुचित प्रयोग गर्न गराउन आवश्यक भएकोले निजी जग्गाको ढुंगा ,माटो उत्खननलाई यसै कार्यविधि बमोजिम गर्न गराउनका लागि यो निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१ बनाई लागू गर्न वाञ्छनीय भएकोले राष्ट्रिय खनिज नीति, २०७४ को बुँदा ५ बमोजिम संघ, प्रदेश र स्थानीय तहको खनिज कार्य सम्बन्धी काम, कर्तव्य र अधिकार अनुसूची बमोजिम हुनेछ भने अनुसार साथै अनुसूची अन्तर्गतको स्थानीय तहको एकल अधिकारको (अनुसूची ८) कार्य विस्तृतीकरणको बुँदा २१.२.२ र २१.२.३. अनुसार ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तु सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन् साथै यस्ता वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन सम्बन्धी कार्य भनी उल्लेख गरीए बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बकैया गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "निजी जग्गाको ढुंगा ,माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि बकैया गाउँपालिका, गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि बकैया गाउँपालिका भित्र रहेका निजी स्वामित्वको जग्गामा माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्का लागि आवश्यक पर्ने उपकरणको प्रयोगबाट गरिने उत्खनन् कार्यका लागि लागु हुनेछ ।

### १.२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले बकैया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(ख) **"अनुगमन समिति"** भन्नाले परिच्छेद ६ बमोजिमको अनुगमन समितिलाई जनाउने छ ।

(ग) **"गाउँपालिका"** भन्नाले बकैया गाउँपालिकालाई जनाउने छ ।

(घ) **"निर्माणजन्य खनिज पदार्थ"** भन्नाले भूगर्भ वा भू-सतहमा रहेको माटो, ढुंगा, ग्राभेल, मिस्कट, बालुवा, गिट्टी र भास्कट समेतलाई जनाउने छ ।

(ङ) **"पदार्थ"** भन्नाले जमिन उत्खनन्का क्रममा निस्कने सबै प्रकारका ठोस पदार्थलाई जनाउने छ ।

(च) **" निजी जग्गा "** भन्नाले रजिष्ट्रेशन भई जग्गाधनी पूर्जा प्राप्त जग्गा र आकडा जग्गा (फिल्डबुक, कित्ता नम्बर नक्सा एकिन भई व्यक्तिको नाममा भएको) जग्गालाई बुझाउँछ।

### १.३ कार्यविधिको आवश्यकता :

(क) निजी स्वामित्वमा रहेको जग्गामा व्यवस्थित उत्खनन् गरी कृषि उत्पादन वृद्धिमा सहयोग पुर्याउन ।

(ख) साधारण निर्माणजन्य खनिज पदार्थको बजार अभाव घटाई निजी स्वामित्वको जग्गाबाट समेत व्यवस्थित उत्खनन् गरी त्यस्ता पदार्थको बजार अपूर्ति सहज बनाउन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २. ञ. १२, १३ एवम् प्रदेश कानून बमोजिम निजी जग्गामा उत्पादन भएको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा समेतमा कर लगाउन सक्ने कानूनी अधिकारको समुचित प्रयोग गर्दै राजश्व चुहावट हुनबाट रोक्न ।

### १.४ कार्यविधिको उद्देश्य :

(क) उद्योगजन्य कच्चा पदार्थ/निर्माणजन्य अन्य खनिज पदार्थ स्थानीय रूपमा आपूर्ति गर्ने ।
(ख) निषेधित क्षेत्र र सरकारी तथा सार्वजनिक स्थलको गैरकानूनी उत्खननलाई नियन्त्रण गर्ने ।
(ग) उत्खननका क्रममा र उत्खनन् पश्चात् आउन सक्ने सानातिना स्थानीय विवाद घटाउने ।
(घ) निजी स्वामित्वमा रहेको जग्गालाई खेतीयोग्य बनाउन सहयोग पुर्याउने ।
(ङ) निजी स्वामित्वमा रहेको जग्गामा एक प्रकारको उत्पादन प्रणालीबाट अर्को प्रकारको उत्पादन प्रणालीमा जान चाहने कृषकलाई सहजीकरण गर्ने ।
(च) अव्यवस्थित उत्खननबाट स्थानीय पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई उत्खनन् पूर्व आंकलन गरी नकारात्मक प्रभाव घटाउने क्रियाकलाप सहित उत्खनन् कार्य व्यवस्थित गर्ने ।

**१.५ <u>कार्यविधि लागू हुने क्षेत्र</u>** : यो कार्यविधि बकैया गाउँपालिकामा रहेको निजी स्वामित्वको १ रोपनी देखी २० रोपनी सम्मको जग्गामा यान्त्रिक उपकरणको प्रयोग समेतबाट भू-पदार्थ उत्खनन् गरिने कार्यका लागि मात्र लागू हुनेछ ।

## परिच्छेद २

**२.१ <u>अनुमति लिनु पर्ने</u>** : बकैया गाउँपालिका क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनीले भारी यान्त्रिक उपकरणको प्रयोग गरी देहायको कार्य गर्दा गराउँदा बकैया गाउँपालिकाको कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(क) जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी उत्खनन् कार्य गर्ने ।

(ख) जमिन सम्याउने वा खेतीयोग्य बनाउने कार्य गर्ने ।

(ग) माछा पोखरी निर्माण कार्य गर्ने ।

(घ) उत्खनन्बाट निस्कने साधारण निर्माणजन्य खनिज पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसारपसार कार्य गर्ने ।

तर हाते औजारको प्रयोग गरी कृषकले आफ्नो स्वामित्वमा रहेको १ रोपनी सम्मको जमिन खनी निस्कने माटो व्यापार गर्ने उद्देश्य नराखी निश्चित स्थान सम्म लैजानका लागि अनुमति लिई रहनु पर्ने छैन ।

**२.२ <u>अनुमति माग गर्ने विधि</u>** : अनुमति माग गर्ने निवेदकले देहायको कागजात सहित अनुसूची २ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।
१. जग्गाधनी प्रमाण पूर्जा वा आकडा जग्गाको हकमा प्रमाण खुल्ले कागजातको प्रतिलिपि- १
२. जग्गाधनीको नेपाली नागरिकताको प्रतिलिपि- १
३. सम्बन्धित वडाबाट चौकिल्ला खुलेको सिफारीस पत्रको प्रतिलिपि- १

४. उत्खनन् कार्यको सुरूवातको पहिलो वर्षको लागि स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र एक पटक उत्खनन् कार्य भइसकेको ठाउँको लागि स्विकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन
५. जग्गाको कित्ता नम्बर खुलेको प्रमाणित प्रतिलिपि- १
६. माछापोखरी निर्माणको हकमा, कुनै निकायको सिफारीस आवश्यक पर्ने भएमा, सो निकायको सिफारीस पत्र ।
७. उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनीको सहमति वा सर्जमिन मुचुल्का ।

## परिच्छेद ३

**३.१ <u>अनुमति प्रदान गर्ने विधि</u>** : परिच्छेद २ को २.२ बमोजिम रित पुर्वकको निवेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिमको कार्यविधि पूरा गरी कागजात पूरा भएको मितिले ७ दिन भित्रमा अनुमति दिन सक्ने छ ।

(क) निवेदन उपर छानविन तथा जग्गाधनीको सनाखत गर्ने ।
(ख) सामाजिक तथा वातावरणीय पक्षको स्थलगत रूपमा टोल विकास संस्था र वडा सदस्यको रोहवरमा भेला गराई लेखाजोखा गर्ने । यसरी गरिएको लेखाजोखाबाट सम्भाव्य देखिएमा मात्र अनुमतिका लागि थप कारबाही अगाडि बढाउनु पर्ने छ ।
(ग) प्राविधिक कर्मचारीबाट उत्खनन् हुने निर्माणजन्य खनिज पदार्थको परिमाण र ओसार पसार हुने परिमाणको एकिन गर्ने ।
(घ) उत्खनन् गर्दा निस्कने पदार्थहरूको कुल परिमाण मध्ये ओसार पसार हुने ढुंगा ,माटो वा साधारण निर्माणजन्य खनिज पदार्थको परिमाण एकिन गरी दफा ८.१(क) अनुसार तोकेको दरमा यस कार्यालयमा राजश्व बुझाउने ।
(ङ) राजश्व दाखिला भई सकेपछि उत्खनन् गर्ने यान्त्रिक उपकरणको विवरण र ओसार पसारमा संलग्न गरिने सवारी साधनको विवरण लिई उत्खनन् तथा ओसार पसार गर्न लाग्ने अवधि एकिन गरी ले गाउँ कार्यपालिकाले अनुमति दिन सक्नेछ ।

**३.२ <u>म्याद थप गर्न सकिने</u>** : पहिलो पटक निश्चित अवधि तोकी उत्खनन् तथा ओसार पसार गर्ने अनुमति प्रदान गरिएको म्याद भित्र कार्य सम्पादन हुन नसकेको कुनै मनासिव कारण देखाई म्याद थपका लागि परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र वडा समितिको सिफारीस समेत संलग्न गरी माग भएमा कारण मनासिव भए बाँकी रहेको कार्य सम्पादन गर्न लाग्ने अवधिका लागि गाउँ कार्यपालिकाले म्याद थप गर्न सक्नेछ ।

**३.२ <u>विवरण हेरफेर गर्न सकिने</u>** : उत्खनन् तथा ओसार पसारका लागि अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा सवारी साधनको विवरण उचित कारण सहित हेरफेर गर्न माग भएमा औचित्यका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद ४

### ४.१ राजश्व तथा शुल्क सम्बन्धी व्यवस्था

**(क) उत्खनन् माटो परिमाणको** प्रति घन फिट रू. ३।५० (बागमती प्रदेश आर्थिक ऐन बमोजिम)

**(ख)** ढुंगा / ग्राबेल सहितको माटो बापतको शुल्क प्रति घन फिट रू ७।-

(ग) सवारी साधन दर्ता तथा वार्षिक नवीकरण ट्र्याक्टर वार्षिक रू. ५,०००।-, ट्रक/टिपर वार्षिक रू. १०,००० ।-,स्काभेटर/ब्याकहो लोडर वार्षिक रू. १५,००० ।-

**४.२ <u>उत्खननका लागि शर्त तथा मापदण्डहरू</u>** : उत्खननका लागि अनुमति प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा उत्खनन् गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्डहरू पालना गर्नु पर्नेछ ।

(क) उत्खनन् अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) माछा पोखरी निर्माणको हकमा बढीमा ६ फिटसम्म गहिराईमा उत्खनन् गर्नु पर्नेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन्न गर्नु पर्नेछ ।

(घ) डाँडा खाला मिलाई खेतीयोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उँचा भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन् गर्नु पर्नेछ ।

(ङ) ग्रेगान गिट्टी बालुवा हटाई जमिन सुधार गर्न वा खेतीयोग्य बनाउन प्राविधिक नाप जाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लङ्घन गरी खाडल पुर्नु पर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित पक्षले गर्नु पर्नेछ ।

(च) उत्खनन् कार्य बिहान ६ बजेबाट साँझ ६ बजेसम्म मात्र गर्नु पर्नेछ ।

**४.३ <u>अनुमति दिन नसकिने</u>** : देहायको अवस्था र जग्गामा अनुमति दिन सकिने छैन ।

(क) नदीजन्य पदार्थ उत्खनन् गर्न निषेध भएको क्षेत्र ।

(ख) गाउँ अनुगमन समितिको सिफारीसमा गाउँ कार्यपालिका निर्णयबाट निषेध गरेको क्षेत्र ।

(ग) सरकारी जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा भएको जग्गा ।

(घ) कुनै जग्गामा प्रस्तावित उत्खननले प्रकोप निम्त्याउन सक्दछ भने प्राविधिक प्रतिवेदनले औंल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

(ङ) कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा ।

४.४ **<u>ओसार पसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्डहरू</u>** :

अनुमति लिई उत्खनन्बाट निस्केको पदार्थ अन्यत्र ओसार पसार गर्ने गरी अनुमति भएको रहेछ भने त्यस्ता अनुमति प्राप्त व्यक्तिले ओसार पसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(क) उत्खनन् स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरूको उत्खनन्कर्ताले कानूनले तोकेको नमुनाको पटके बिक्री आदेश र बिजक सँगै जारी गर्नु पर्नेछ ।

(ख) उत्खनन् स्थलबाट पदार्थ ओसार पसार गर्दा बिहान ६ बजेदेखि साँझ ६ बजेसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) उत्खनन् भएको पदार्थ ढुवानी गर्ने सवारी, साधनहरू ट्रयाक्टर/ ट्रक/टिप्पर गाडी पालिकाले तोके बमोजिम क्षमता प्रयोग गर्न पाउनेछ ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(ङ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्नेछ र राजमार्ग बाहेकका भित्री सडकमा सवारीको गति समेत ३० कि.मी. प्रतिघण्टा भन्दा कम गतिमा चलाउनु पर्नेछ ।

(च) ओसार पसार गर्ने भित्री बाटोहरूमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(छ) स्थानीय नागरिकहरूबाट भएका उत्खनन् तथा ओसार पसार सम्बन्धमा कुनै गुनासो राखेमा सो को व्यवस्थापन उत्खननकर्ताले नै गर्नुपर्नेछ ।

(ज) उत्खनन् स्थलमा तोकीएको विवरण सहितको सूचना पाटी राख्न पर्नेछ ।

(झ) सडकको भार बहन क्षमता अनुसारको सवारीसाधन मात्र प्रयोग गर्नु पर्नेछ ।

(ञ) ओसार पसारका लागि लोड भएको सवारी सडक किनारमा रोकी राख्न पाइने छैन ।

## परिच्छेद ५

**५.१ <u>शर्त उल्लघन गर्ने उपरको कारबाही</u>** : उत्खनन् र ओसार पसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाएमा त्यस्तो उत्खननकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम हुनेछ ।

(क) तोकिएको स्थानमा बाहेक अन्यत्र उत्खनन् गरेकोमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन् गरेको परिमाणको हुने राजश्व र सोहि बराबरको थप रकम बुझाउन लगाई उत्खनन् गरेको स्थलको खाडल पुर्नु पर्नेछ ।

(ख) स्वीकृत भएको परिमाण र गहिराई भन्दा बढि उत्खनन् गरेमा बढी उत्खनन् गरेको तत्काल अनुमति पत्र खारेज गरी उत्खनन् गरेको परिमाणको हुने राजश्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन् गरेको स्थलको खाडल पुर्नु पर्नेछ ।

(ग) अनुमतिमा तोकिएका साधन बाहेक अन्य साधनबाट उत्खनन् तथा ओसार पसार गरेमा वा यस कार्यविधि बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने उत्खननकर्ता तथा ओसार पसार कर्तालाई प्रदान गरिएको अनुमति पत्र तत्कालै खारेज गरिने ।

(घ) कार्यविधि विपरीत अवैध रूपमा माटो तथा अन्य निर्माणजन्य खनिज (नदीजन्य समेत) पदार्थ उत्खनन् तथा ओसार पसार गरेको पाइएमा देहाय अनुसार जरिवाना गरिनेछ ।

(क) १. ट्रयाक्टर रू. १०,००० ।—

२. ट्रक, टिप्पर रू. २०,००० ।-

३. ब्याक हु लोडर/स्क्याभेटर रू. २५,००० ।-

(ख) पटके जरिवाना जरिवानाको दोब्बर रकम लिइनेछ ।

## परिच्छेद ६

**६.१ <u>अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था</u> :** यस कार्यविधि बमोजिम गरिएका काम कारवाहीको अनुगमन तथा निरिक्षण गाउँपालिका स्तरीय अनुगमन समिति तथा वडास्तरीय अनुगमन समितिले गर्नेछ।

## परिच्छेद ७

### उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्ता सम्बन्धी व्यवस्था

**७.१ गाउँपालिकामा सूचीकृत हुनुपर्ने :** निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारी धनीले राजश्व बुझाई गाउँपालिकाको कार्यालयबाट तोकिएको चालु आ.व.का लागि सवारी साधन सूचीकृत गरी अनुमति लिनु पर्नेछ ।

**७.२ सूचीकृत सम्बन्धी प्रक्रिया :**

(क) सूचीकृत हुनको लागि आफ्नो सवारी साधनको अद्यावधिक गरिएको कागजातहरूको फोटोकपी सहित निवेदन पेश गर्नु पर्नेछ ।

(ख) गाउँपालिका कार्यालयले कागजपत्रको जाँचबुझ गरी अनुसूची २ बमोजिमको ढाँचामा सवारी साधन दर्ता/सूचीकृत गरी उत्खनन् र ढुवानीको लागि अनुमति दिनु पर्नेछ ।

७.३ ढुवानी गर्ने सवारी साधनले त्रिपालले राम्रोसँग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नु पर्नेछ ।

## परिच्छेद ८

**विविध**

९.१ यो कार्यविधिमा भएका प्रावधानहरू बकैया गाउँपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ ।

९.२ यदि कुनै बाटो वा नाकामा कर्मचारी नभएको खण्डमा सम्बन्धित वडा कार्यालयमा राजश्व बुझाउन सकिनेछ ।

९.३ यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरूको हकमा प्रचलित कानून र बकैया गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**अनुसूची -१**

**परिच्छेद २ को दफा २.१ तथा परिच्छेद ३ को दफा ३.१ सँग सम्बन्धित**

बकैया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मकवानपुर

बागमती प्रदेश, नेपाल

**प.सं.**

**च.नं.**

श्री जो जससँग सम्बन्धित छ ।

**विषय : माटो उत्खनन् गरी ढुवानी गर्ने अनुमति दिइएको ।**

प्रस्तुत विषयमा ................................ को नाममा दर्ता कायम रहेको बकैया गाउँपालिका, वडा नं........ कित्ता नं. ......... को जग्गा क्षेत्रफल ............. । ................. ।.................... बाट देहाय बमोजिमको शर्तको अधीनमा रही माटो उत्खनन् गरी ढुवानी गर्ने अनुमति दिइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**तपशिल**

विषय : माटो उत्खनन् गरी ढुवानी गर्ने अनुमति दिइएको ।

१. अनुमति लिने मुख्य व्यक्तिको नाम :

ठेगाना :

सम्पर्क नं. :

२. माटो उत्खनन् गर्ने जग्गाको चारै तर्फका संधियारहरू

पूर्व तर्फ ....................................... पश्चिम तर्फ .......................................

उत्तर तर्फ ....................................... दक्षिण तर्फ .......................................

३. उत्खनन् गरी ढुवानी गर्ने अनुमानित परिमाण...........................................घन फिट

४. राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो) को राजश्व प्रति घनफुट ..... दरले रू. ..................

५. उत्खनन्मा प्रयोग हुने साधनहरू —

६. ढुवानीमा प्रयोग हुने साधनहरू —

७. ढुवानी गरी लैजाने स्थान र मुख्य बाटो —

८. उत्खनन् र ढुवानीका लागि समयावधि : मिति ...................... देखि ..................... सम्म

**<u>बोधार्थ</u>**

श्री बकैया गाउँपालिका

................ वडा कार्यालय, बकैया, मकवानपुर

**नोट** : ढुवानीका साधन हेरफेर गर्नु परेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनु पर्नेछ ।

**अनुसूची -२**

**परिच्छेद ४ को दफा ७.२ (ख) सँग सम्बन्धित**

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

**विषय :निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र ।**

यस कार्यालयको मिति ..................................... को निर्णय बमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न अनुमति प्रदान गरिएको छ ।

**अनुमति सम्बन्धी विवरण** **अनुमति पत्र नं.**

१. अनुमति प्रदान गरिएको साधन :
२. यान्त्रिक साधन धनीको नाम थर :
ठेगाना : जिल्ला न.पा./गा.पा.
दर्ता नं. : सम्पर्क नं.
३. अनुमति प्रदान गरिएको मिति :
४. अनुमति कायम रहने मिति :
५. अनुमति दिने अधिकारीको दस्तखत :

नाम थर :
पद :

| **नवीकरण सम्बन्धी विवरण** | | | | |
|---|---|---|---|---|
| **नवीकरण गरेको मिति** | **म्याद कायम रहने मिति** | **नवीकरण दस्तुर रू.** | **बुझाएको नगदी र.नं.** | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
| | | | | |
| | | | | |

**अनुमति प्राप्त व्यक्ति/साधनले गर्नुपर्ने शर्तहरू :**

१. यो अनुमति  निजी जग्गाधनी र चौकिल्लाका संधियारको सहमतिमा निजी जग्गा उत्खनन् गरी निस्कने माटो मात्र ओसारपसार गर्नका लागि प्रदान गरिएको छ । उत्खनन्का क्रममा भूगर्भबाट माटो बाहेकका अन्य वस्तु (बालुवा, मिस्कट गिट्टी लगायतका अन्य खनिज पदार्थ) निस्केमा तत्काल उत्खनन् कार्य बन्द गरी बकैया गाउँपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

२. यो अनुमति पत्र वालाले ताल, पोखरी, नदी प्रणाली र नदी किनारा देखि २०० मिटर, मठमन्दिरको जग्गा र अन्य कुनै पनि प्रकारको सरकारी जग्गा, वन क्षेत्र,  उत्खनन् गर्न पाइने छैन ।

३. यो अनुमति पत्र साथमा नराखी माटो उत्खनन् तथा ओसारपसार गर्न पाइने छैन ।

४. यो अनुमति पत्र अनुसार उत्खनन् गर्दा बढिमा १० फिट भन्दा गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन । सो भन्दा गहिरो उत्खनन्र गर्नु पर्ने भएमा उत्खनन् गर्नुको कारण सहित जग्गाधनीको सहमति लिई बकैया गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

५. यो अनुमति पत्रको म्याद सकिनु पहिले नै नवीकरण गराउनु पर्नेछ । म्याद सकिएको ३० दिनभन्दा नवीकरण गराएमा लाग्ने दस्तरको १० % थप दस्तुर तिरी नवीकरण गराउन सकिने छ । म्याद सकिएको ६० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको २५ % र ६० दिन देखि ९० दिन सम्मलाई ५० % थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिए ९० दिन पश्चात् लाग्ने दस्तुरको १०० % थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ ।

६. अनुमति उत्खनन् पत्र नलिई वा अनुमति पत्र लिए तापनि उल्लेखित शर्त पालना नगर्ने उत्खनन् तथा ओसारपसार कर्तालाई बकैया गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारबाही हुनेछ ।

७. माथि जे सुकै उल्लेख भए तापनि माटो बाहेकका बालुवा, मिस्कट भस्कट गिट्टी आदि उत्खनन् तथा ओसारपसार एवम् बिक्रीवितरण गरेको पाइएमा प्रति १०० घन फिटको रू. २५,००० ।- का दरले जरिवाना गरी असुल उपर गरिनेछ ।

८. यस बकैया गाउँपालिका भित्र दर्ता भएको जेसिवी/टिप्पर/टेक्टर मात्र सञ्चालन गर्न पाइनेछ ।

९. बकैया गाउपालिकाले उल्लेख शर्तहरू अनुगमन गर्नुका साथै यो अनुमति प्राप्त कर्ताले बकैया गाउँपालिकाको समन्वयमा कार्य गर्नु पर्नेछ ।

**<u>बोधार्थ</u>**

श्री बकैया गाउँपालिका

................ वडा कार्यालय, बकैया, मकवानपुर

**नोट** : ढुवानीका साधन हेरफेर गर्नु परेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनु पर्नेछ ।

## अनुसूची -३

**(निजी जग्गामा उत्खनन्का लागि जग्गाधनीले गाउँ कार्यपालिकाको कार्यालयमा दिने निवेदनको ढाँचा)**

श्री बकैया गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर ।

मिति :

**विषय : निजी जग्गा उत्खनन् गरी निस्कने पदार्थ हटाई पाउँ ।**

मेरो नाममा दर्ता कायम रहेको जिल्ला मकवानपुर ........................गा.पा./न.पा., वडा नं. ........ स्थित कि. नं. ........... को अन्दाजी जग्गा ................... मा ...................... कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन् गर्ने अनुमति पाउन सालदर अनुरोध गर्दछु । उत्खननबाट निस्केने पदार्थहरू अन्यत्र ओसारपसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुरले अनुमति पाउन अनुरोध गर्दछु । आवश्यक प्रमाणहरू निम्नानुसार रहेको छ ।

<u>तपशिल</u>

१.जग्गाधनी प्रमाण पूर्जा वा जग्गाधनी प्रमाणित निस्सा को प्रतिलिपि - १
२. जग्गाधनीको नेपाली नागरिकताको प्रतिलिपि- १
३. सम्बन्धित वडाबाट चौकिल्ला खुलेको सिफारीस पत्रको प्रतिलिपि- १
४. उत्खनन् कार्यको सुरूवातको पहिलो वर्षको लागि स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र एक पटक उत्खनन् कार्य भइसकेको ठाउँको लागि स्विकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत पत्रको प्रतिलिपि- १
५.उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनीको सहमति वा सर.जमिन मुचुल्का ।

**निवेदकको**
नाम थर :
ठेगाना :
दस्तखत :
मिति :
मोबाइल/फोन नं. :